प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कास्की
गण्डकी प्रदेश, पोखरा

फोन नं -०६१ -५२००८२/ ५३३३५६
E-mail: vhlkaski@gmail.com

## प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०५/०१

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कास्कीको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपशिल वमोजिमका कार्यक्रमहरुका लागि लागत साझेदारीमा कार्य गर्न ईच्छुक यस कास्की जिल्ला भित्रका नीजि कृषक, उद्यमी, कम्पनी, समूह, समिति वा सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कास्कीमा प्रस्ताब पेश गर्नका लागि सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | कार्यक्रम | अधिकतम अनुदान सहकार्य | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १ | साना व्यवसायिक फार्म स्थापना तथा विस्तार कार्यक्रम | परियोजनाको पहिलो वर्षको लागतको बढीमा ५० प्रतिशत लागत साझेदारी (बढीमा २ लाख नबढ्ने गरी उपलब्ध गराइनेछ।) | साना पशुपन्छी तथा मत्स्य व्यवसायिक फार्म स्थापना तथा विस्तार कार्यक्रम संचालन मापदण्ड, २०७७ को पहिलो संशोधन २०७८ वमोजिम तपशिलका न्युनतम पूर्वाधार तथा शर्तहरु पूरा गरेको हुनुपर्नेछ।<br>क) गाई/भैंसी पालनः ४ रोपनी जमिनमा घाँस खेती, उन्नत नश्लका कम्तिमा ५ दुधालु गाई वा भैंसी वा दुवै पालन गरेको ।<br>ख) भेडा तथा वाख्रा पालनः कम्तिमा २ रोपनी जग्गामा घाँस खेती, उच्च नश्लका कम्तिमा १५ वटा माउ भेडा/बाख्रा पालन गरेको ।<br>ग) वंगुरपालन/पाडापालनः उन्नत वा स्थानीय नश्लका कम्तिमा ५ वटा प्रजनन योग्य माउ वंगुर र १ वटा भाले वा कम्तिमा १० वटा फ्याटनर पालन वा कम्तिमा १० वटा भैंसीको पाडा पालन गरेको ।<br>घ) कुखुरा एवं पन्छीपालनः मासु वा अण्डा उत्पादनका लागि कम्तिमा १००० वटा ब्रोइलर कुखुरा वा कम्तिमा ५०० वटा लेयर्स वा कम्तिमा २०० वटा डयुल पर्पोज कुखुरा वा कम्तिमा २०० वटा स्थानीय कुखुरा वा कम्तिमा १०० वटा हाँसपालन गरेको ।<br>ङ) माछापालनः ट्राउट माछापालनका लागि कम्तिमा ३०० वर्ग मिटर क्षेत्रफलको रेस वे, कार्प वा अन्य प्रजातिको माछापालनको लागि कम्तिमा २ रोपनीमा माछापालन गरेको। | लक्ष्यः ४५ वटा |
| २ | जै घांसको बिउ उत्पादन प्रवर्द्धन कार्यक्रम | लागतको ५० प्रतिशत (बढीमा चार (४) लाख नबढ्ने गरी उपलब्ध गराइनेछ।) | पशु आहारा उत्पादन सम्बन्धि मापदण्ड, २०७७ अनुसार<br>क० आवेदक फार्म, समूह, सहकारी संस्थामा आवद्ध हुनुपर्ने।<br>ख० कम्तिमा ५ रोपनी जग्गामा जै घाँसको बिउ उत्पादन गरेको हुनुपर्ने ।<br>ग० कम्तिमा २ वर्ष देखि घाँसको उत्पादन/घाँसको बिउ तथा घाँसको नर्सरी सम्वन्धि कार्य गरिरहेको हुनुपर्ने। | लक्ष्यः १ वटा |
| ३ | स्टाइलो घांसको बिउ उत्पादन कार्यक्रम | लागतको ५० प्रतिशत (बढीमा पचहत्तर हजार नबढ्ने गरी उपलब्ध गराइनेछ।) | पशु आहारा उत्पादन सम्बन्धि मापदण्ड, २०७७ अनुसार<br>क० आवेदक फार्म, समूह, सहकारी संस्थामा आवद्ध हुनुपर्ने।<br>ख० कम्तिमा १० रोपनी जग्गामा स्टाइलो घांसको बिउ उत्पादन गरेको हुनुपर्ने ।<br>ग० कम्तिमा २ वर्ष देखि घाँसको उत्पादन/घाँसको बिउ तथा घाँसको नर्सरी सम्वन्धि कार्य गरिरहेको हुनुपर्ने। | लक्ष्यः २ वटा |
| ४ | मत्स्य पोखरी निर्माण अनुदान कार्यक्रम | लागतको ५० प्रतिशत (बढीमा रु. २५ हजार प्रति रोपनीका दरले नयाँ पोखरी निर्माणका लागि) | मत्स्य विकास सम्वन्धी कार्यक्रम समचालन मापदण्ड, २०७७ अनुसारः<br>क० नयाँ पोखरी निर्माण गर्दा प्रति रोपनी रु. २५ हजार का दरले अनुदान । | लक्ष्यः २० रोपनी |

शम्भुराज पाण्डे
वरिष्ठ पशु विकास अधिकृत



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५ | दुध उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम | रु.२.५० (दुई रुपैंया पचास पैसा) प्रति लिटर) | दुध उत्पादनमा आधारित प्रोत्साहन सहयोग संचालन मापदण्ड २०७७ अनुसार<br>क० सहकारी संस्थाले संस्थागत रुपमा दूध विक्रि गरेको हुनुपर्ने, सो रुपमा विक्रि नगर्ने भए दूधलाई पाश्चराइज् तथा सिलबन्दी प्याकेजिंग गरि विक्रि गरेको हुनुपर्ने ।<br>ख० दैनिक कम्तिमा २०० लि. र वार्षिक कम्तिमा २०० दिन दूधको कारोवार गरेको हुनुपर्ने ।<br>ग० गत आ.व.मा प्रोत्साहन रकम प्राप्त गरेको सहकारीहरुले चालु आ.व.मा गत आ.व.को तुलनामा कम्तिमा १० प्रतिशत बृद्दि गरि दुधको कारोवार गरेको हुनुपर्नेछ । | बजेट रु. ९० लाख |

**अनुदानको लागि आवेदन पेश गर्दा बुझाउनु पर्ने कागजातहरु:**

१. निवेदन (रु १० को टिकट सहित)
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३. नीजि फर्म/समूह/समिति/सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपि, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन
४. भ्याट/ प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि
५. दर्ता नविकरण तथा कर चुक्ताको प्रतिलिपि
६. फर्म दर्ता भएको स्थानको जग्गाको लालपुर्जा, जग्गाको कित्ता र क्षेत्रफल वा जग्गा लिजमा भएमा कम्तिमा १० वर्ष सम्मको सम्झौता पत्र
७. कार्ययोजना
८. अघिल्लो दुई आर्थिक वर्षमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे/नगरेको स्वघोषणा पत्र
९. सम्बन्धित स्थानीय तहको वडाको सिफारिस पत्र तथा पशु सेवा शाखाको सिफारिस पत्र

विस्तृत जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कास्कीको सम्पर्क नं ०६१-५२००८२/ ५३३३५६, **Email :** vhlkaski@gmail.com मा सम्पर्क राख्नुहुन अनुरोध छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
कास्की
गण्डकी प्रदेश, पोखरा

शम्भुराज पाण्डे
वरिष्ठ पशु विकास अधिकृत
अधिकृतस्तर नवौं तह

CamScanner